गण्डकी प्रदेश सरकार
उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
# जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय
पर्वत

## ठेक्का किन नतोड्ने ? सम्बन्धी अत्यन्त जरुरी सूचना !

(प्रकाशित मिति: २०८३/०२/२२)

यस कार्यालय अन्तर्गत सञ्चालनमा रहेको Construction of Irrigation Canal and Related Structures of Chirdikhola Ghattekulo Irrigation Project, Phalewas-10, Parbat (ठेक्का नं. CKGISP/WRIDDOP/01/075-076) को निर्माण कार्यको ठेक्का लिई निर्माण व्यवसायी श्री जि. एम. आर. कन्स्ट्रक्सन नेपाल प्रा. लि., माडी - ०१, चितवनले मिति २०७५/११/०७ मा सम्झौता गरी कार्य सम्पन्न गर्नुपर्ने म्याद मिति २०७६/११/०६ सम्म रहेको र छैटौं पटक म्याद थप गरेर पनि सम्झौता बमोजिमको निर्माण कार्य नगरेको, कार्य सम्पन्न गर्नको लागि बारम्बार मौखिक तथा लिखित ताकेता गरे पनि खरिद सम्झौताको शर्त बमोजिमका काम नगरी ठेक्का अलपत्र छाडेको अवस्था छ। ठेक्काको पटक-पटक म्याद थप भए पनि समयमा निर्माण कार्य सम्पन्न गर्ने तर्फ निर्माण व्यवसायीबाट कुनै चासो नदेखाइएको र प्रयास नगरेको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९.(२)(क) र दफा ५९.(७) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८.(२)(घ) र ठेक्का सम्झौताको GCC Clause 57.Termination मा व्यवस्था भए बमोजिम ठेक्का सम्झौता किन नतोड्ने ? ठेक्का तोड्नु नपर्ने कुनै मनासिव कारण भएमा यो पत्र/मेल प्राप्त भएको १५(पन्ध्र) दिन भित्र विश्वसनीय स्पष्टीकरण सहित यस कार्यालयमा स्वयं आधिकारिक व्यक्ति उपस्थित हुनुहुन अनुरोध छ। अन्यथा यसै सूचनालाई अन्तिम ताकेता मानी ठेक्का सम्झौताका शर्तहरु र प्रचलित कानून बमोजिम ठेक्का तोडी कालोसूचीमा राख्ने तथा नियमानुसार कार्यसम्पादन जमानत तथा धरौटी वापतको रकम जफत गर्नुको साथै बाँकी कार्य सम्पन्न गर्न लाग्ने वढी खर्च सरकारी बाँकी सरह मानी असुल उपर गर्ने तर्फ कारबाही अघि बढाइने जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

०२/२२
कार्यालय प्रमुख
ई. सागर भट्टराई
कार्यालय प्रमुख